

# सार्जजनिक सुनुवाइ कार्यक्रम प्रतिबेदन २०८२




## गौमुल गाउँपालिका बाजुरा



२०८१/२०८२ को सार्वजनिक सुनुवाइ कार्यक्रम

### सहजिकरण

नेपाल पत्रकार महाँसंघ बाजुरा

### आयोजक

गौमुल गाउँपालिका घट्मुना बाजुरा

## पृष्ठभुमी

सार्वजनिक निकायले दिने सेवाको बारेमा नागरिकबाट मूल्याङ्कन गराउने तथा सेवा प्रवाहमा थप सुधार ल्याउनको लागि सार्वजनिक सुनुवाई कार्यक्रम संचालन गरिन्छ । नागरिकलाई सार्वजनिक निकायले गरेका गतिविधिहरुको बारेमा सूचना माग्ने, पाउने र अवलोकन गर्ने अधिकार सूचनाको हक सम्वन्धि ऐन – २०६४ र नियमावली–२०६५ ले गरेको छ । सुशासन (संचालन तथा ब्यवस्थापक) सम्बन्धि ऐन २०६४ तथा नियमावली २०६५ ले पनि हरेक सार्वजनिक निकायले आफूले संचालन गरेका हरेक गतिविधिहरुको बारेमा नागरिकहरुलाई सू–सूचित गराउन सार्वजनिक सुनुवाइ गर्नुपर्ने बाध्यकारी ब्यवस्था गरेको छ । स्थानीय सरकार संचालन ऐन–२०७४ मा पनि सार्वजनिक सुनुवाई तथा सार्वजनिक परीक्षण गर्ने ब्यवस्था रहेको छ भने नेपाल सरकारले स्थानीय निकाय सार्वजनिक सुनुवाई सम्बन्धि कार्यविधि – २०६७ तयार गरी कार्यान्वियन गरिरहेको छ । आफूले प्रवाह गरेको सेवा तथा विकास निर्माणको कार्यहरु सार्वजनिक गर्दै सुधारात्मक पक्षहरुको विषयमा छलफल गर्ने, सेवाग्राही प्रति सेवाप्रदायकलाई जवाफदेहि बनाउने र सेवाग्राहीहरुको गुनासो तथा जिज्ञासाहरुको बारेमा हाकाहाकी प्रश्नोत्तर गराउने उद्देश्यले गौमुल गाउपालिका सार्वजनिक सुनुवाइ संचालन गरिएको हो । सुदूरपश्चिम प्रदेश बाजुरा जिल्ला, गौमुल गाउपालिका कार्यपालिकामा आर्थिक वर्ष २०८१/0८२ को वार्षीक प्रगति,समिक्षा एवम् खर्च सार्वजनिकीकरण तथा सार्वजनिक सुनुवाई कार्यक्रम २०८२ असार १२ गते गाउपालिकाको सभाहलमा सञ्चालन गरिएको थियो ।सो कार्यक्रमको सहजिकरण नेपाल पत्रकार महाँसंघ बाजुराले गरेको थियो ।

## परिचय

स्थानीय सरकार तथा प्रत्येक सार्वजनिक सेवा प्रवाह गर्ने कार्यालयले सुशासन कायम गर्न सार्वजनिक सुनुवाइ गर्नुपर्ने व्यवस्था रहेको छ । सेवा प्रदायक संस्थाले नागरिकप्रति उत्तरदायी भई कानुनी शासनको अवलम्बन गर्दै मानवअधिकारको सम्मान, भ्रष्टचाररहित काम र सर्वसाधरण नागरिकको सक्रिय सहभागीता गराउने शासन प्रणाली ‘सुशासन’ हो ।सार्वजनिक प्रशासनलाई जनमुखी, जवाफदेही, पारदर्शी, समावेशी तथा जनसहभागितामूलक बनाई कानुनी शासन, भ्रष्टचारमुक्त, चुस्त प्रशासन, आर्थिक अनुशासनलगायत असल शासनका आधारभूत मान्यतालाई आत्मासाथ गर्दै छिटोछरितो सेवा प्रवाह मितव्ययी सञ्चालन गर्ने कार्य सुशासनअन्तर्गत पर्दछन् ।

सार्वजनिक कार्यालयले निश्चित समयमा सञ्चालन गरेका गतिविधिको बारेमा सरोकारवालासँग गरिने छलफल तथा सवाल जवाफ गर्ने औपचारिक कार्यक्रम हो । कार्यालयले सेवाग्राहीलाइ गरेको सेवाप्रवाह प्रभावकारी भए नभएको विषयमा सेवाप्रदायक र सेवाग्राहीबीचमा सवाल जवाफ गर्नु सार्वजनिक सुनुवाइ हो । सरकारले गरेका गतिविधिका बारेमा सर्वसाधारण नागरिकले आफ्ना विचार, सुझाब, आलोचना गर्नुका साथै सुधार गर्नुपर्ने पक्षको विषयमा राय, सुझावसहित धारणा व्यक्त गर्न पाउँदछन् । सोही अनुसार गौमुल गाउपालिकाले प्रत्येक बर्षमा सार्वजनिक सुनुवाइ कार्यक्रम गरीरहेको छ तद्अनुरुप यस आर्थिक बर्ष २०८१ ।०८२ मा गरेका कार्यक्रम तथा सेवा प्रवाहको बारेमा सेवा ग्राहीहरुमा लागेको जिज्ञासा तथा सुझाव प्रतिकृयाका लागी यो कार्यक्रमको आयोजना गरि सम्पन्न गरीएको हो ।

कुनैपनि कार्यालयको कामलाई सुशासन, पारदर्शिता, जवाफदेहीता, जनसहभागिता र विधिको शासन स्थापनाको लागि सार्वजनिक सुनुवाई कार्यक्रम गर्ने चलन रहेको छ । जनताको आवाज तथा जनगुनासोहरुको प्रत्यक्ष रुपमा सम्बन्धित सरोकारवाल निकाय,संघ संस्था तथा कार्यालायका प्रतिनिधिहरुले जवाफ दिने कार्यक्रमलाई सार्वजनिक सुनुवाई भनिन्छ । यो कार्यक्रम जनता प्रतिको जवाफदेहीता, उत्तरदायित्व र विकास सँग सम्बन्धित रहन्छ । विकास तथा सुन्दर भविश्य का लागि मार्ग तयार गर्न सामाजिक अगुवा, राजनितिक कर्मि, समाजसेवी, सरकारी तथा गैरसरकारी निकाय, सहयोगी संस्थाहरु को आबश्यक सुझाव सल्लाहको खाँचो रहेको छ सोही अनुरुप गौमुल गाँउपालकिाले सोही उदेश्यका साथ सार्वजनिक सुनुवाइ कार्यक्रम गरीएको हो ।गौमुल गाँउपालिकाले हरेक बर्ष वडा देखी गाउपालिकामा नियमित सार्वजनिक सुनुवाइ कार्यक्रम गर्दै आएको छ त्रैमासिक अर्धबार्षक रुपमा पनी जनप्रतिनिधिहरु प्रत्यक्ष रुपमा गाउँपालिका सबै बस्ती टोल स्तरमा गइ गुनासाहरु सम्बोधन गर्ने कार्य पनी भइ रहेको छ जसले गर्दा कतिपय गुनासाहरु समुदाय स्तरमै सम्बोधन हुने गरेका छन । समुदायले हरेक बर्ष गरेका गुनासाहरु पनि नियमित रुपमा कार्यन्वयन हुदै आइ रहेका छन भने यस सार्वजनिक सुनुवाइमा आएका गुनासाहरु पनि सम्बोधन भएका छन ।

**आ.व. २०८/०८२ को सार्वजनिक सुनुवाइ कार्यक्रमको सेडुल**

कार्यक्रम संचालन श्री बहादुर सिंह बोहरा एम आइ एस अपरेटर

| | | |
|---|---|---|
| 1 | आसन ग्रहण कार्यक्रम | प्रतिनिधित्व |
| | अध्यक्षता ग्रहण | सार्वजनिक सुनुवाईका प्रमुख बक्ता तथा गाँउपालिका अध्यक्ष श्री हरी रोकाया |
| | अतिथी को आसन ग्रहण | सार्वजनिक सुनुवाईका बक्ता तथा गाँउपालिका उपाध्यक्ष श्री सिता थापा |
| | | प्रमुख प्रशासकिय अधिकृत जगदिश प्रसाद भट्ट |
| | | वडा नं २ का वडा अध्यक्ष तथा प्रबक्ता श्री देव बहादुर रोकाया |
| | | वडा नं १ का वडा अध्यक्ष देव बहादुर रोकाया |
| | | वडा नं ३ का वडा अध्यक्ष गोरख बहादुर बोहरा |
| | | वडा नं ४ का वडा अध्यक्ष अमर बहादुर विक |
| | | वडा नं ५ का वडा अध्यक्ष कलक बहादुर सिंह |
| | | वडा नं ६ का वडा अध्यक्ष प्रकाश बहादुर सिंह |
| | | गाँउपालिका इन्जिनयर श्री धर्म बहादुर खडायत |
| | | सम्पुर्ण कार्यपालिका सदस्यहरु |
| | | सम्पुर्ण वडाकावडा सदस्य सदस्यहरु |
| | | विभिन्न पाटीका पाटी प्रतिनिधिहरु |
| | | सुरक्षा निकायका प्रमुख श्री लक्ष्मीराज जोशी |
| | | घट्मुना आधारभुत अस्पताल डा.कुश नेपाली |
| | | नेपाल पत्रकार महाँ संघ जिल्ला उपाध्यक्ष संगिता तिमिल्सेना<br>नेपाल पत्रकार महाँ संघ जिल्ला सदस्य प्रमित विक<br>स्वामि कार्तिक दैनिक प्रकासक निमेद्र शाही<br>गोर्खापत्र दैनिक राम बहादुर विक |
| | | सम्पुर्ण शाखाका प्रमख एवं प्रतिनिधीहरु |
| | | सम्पूर्ण विद्यालय ब्यबस्थापन समिति अध्यक्ष श्री |
| | | सम्पूर्ण विद्यायका प्र अ तथा प्रतिनिधी श्री |
| | | अन्य अथिती सबै |
| ३ | राष्ट्यि गान | सबै सहभागीबाट |
| ४ | ज्ञात अगात सहिदहरुको संझनामा १ मिनेट मौन धारण | शब्दबाट सम्झने |
| ५ | स्वागत मन्तब्य | सार्वजनिक सुनुवाईका बक्ता तथा गाँउपालिका उपाध्यक्ष श्री सिता थापा |
| ६ | ;सार्वजनिक सुनुवाइको उदेश्य गाँउपालिकाको आर्थिक २०८१।०८२ बजेट तथा खर्चका बारेमा जानकारी | प्रमुख प्रशासकिय अधिकृत जगदिश प्रसाद भट्ट |
| | गुनासा संकलन खुला छलफल | सहजीकरण नेपाल पत्रकार महासंघको टिम |
| | गुनासाको सम्वोधन र समापन | गाँउपालिका अध्यक्षबाट |

***सार्वजनिक सुनुवाइको मुख्य उदेश्य***

सार्वजनिक सुनुवाई गर्नुको मुख्य उद्देश्य चालू आर्थिक वर्ष ०८१।मा गौमुल गाउँपालिकाबाट भएका सेवा तथा सम्पादन गरिएका कार्यक्रहरुको बारेमा जनताको बुझाई र प्रतिक्रिया लिने तथा जनताको गुनासो सम्बोधन गर्नु मुख्य उद्देश्य हो

**कार्यक्रमको उद्देश्य :** यस कार्यक्रमको उदेश्य गौमुल गाउपालिकाको आ.व. २०८१/०८२ को वार्षिक प्रगतिको समिक्षा तथा खर्च सार्वजनिकीकरण गर्दै जनताको चासो, जिज्ञासा, गुनासोको सम्बोधन तथा प्राप्त सुझावहरु ग्रहण गर्नु हो। कार्यक्रमका थप उदेश्य तपसिल अनुसार छ कार्यालयबाट संचालित विकास कार्यक्रम उपलब्ध सेवा, वस्तु र सुविधा बारे सार्वाजनिक गर्नु

- गाउँपालिकाबाट सम्पादन भएका काम तथा सेवाप्रति सेवाग्राही नागरिकले उठाएका प्रश्नहरुमा स्पस्टता ल्याउने र नागरिकबाट प्राप्त रचनात्मक सुझावलाई ग्रहण गरी हाकाहाकी छलफल गर्ने प्रश्नोत्तर गराउने।
- सेवा प्रदायक र नागरिक बिच प्रत्यक्ष आफ्ना कुराहरु राखी विकास निर्माण, सेवा प्रवाहलाई प्रभावकारी बनाउन र यस कार्यमा नागरिकको सहकार्य र साझेदारीको वातावरण बनाउने।
- सुशासन ऐन तथा नियमावलीमा व्यवस्था भए बमोजिम सूचनाको हकको प्रत्याभूति गराउने।
- स्थानीय तहका जननिर्वाचित प्रतिनिधि तथा विषयगत शाखा प्रमुखहरुलाई नागरिकहरु प्रति जवाफदेहि बनाउने।
- सार्वजनिक सेवा तथा विकास निर्माणका कार्यहरुमा नागरिकहरुको सहभागीता वृद्धि गर्ने।

**कार्यक्रमको संक्षिप्त जानकारी**

**सार्वजनिक सुनुवाइ गर्ने निकाय:** गौमुल गाउँपालिका बाजुरा
**सार्वजनिक सुनुवाई संयोजन गर्ने संस्था** : नेपाल पत्रकार महासंघ जिल्ला शाखा बाजुरा
**कार्यक्रम पहिलो शत्र संचालक** : बहादुर सिंह बोहरा
**कार्यक्रम दोस्रो शत्र सञ्चालक** संगिता तिमिल्सेना, प्रमित वि.क, राम वि.क
**सार्वजनिक सुनुवाईको विषय :** आर्थिक वर्ष २०८१/०८२ का वार्षीक प्रगती समिक्षा एवम् खर्च सार्वजनिकीकरण तथा सार्वजनिक सुनुवाई
**सार्वजनिक सुनुवाईका प्रमुख बक्ता** हरी बहादुर रोकाया गाँउपालिका अध्यक्ष
**सहभागीलाइ स्वागत मन्तब्य** श्री सिता थापा उपाध्यक्ष
**वार्षीक प्रगती समिक्षा एवम् खर्च सार्वजनिकीकरण** श्री जगदिश प्रसाद भट्ट प्रमुख प्रशासकिय अधिकृत
**मिति** २०८२/०३/१२
**स्थान** गौमुल गाउपालिकाको सभाहल घट्मुना बाजुरा

**जवाफदेही प्रमुख वक्ताहरु**

गौमुल गाउपालिका अध्यक्ष श्री हरि बहादुर रोकाया

गौमुल गाउपालिका उपाध्यक्ष श्री सीता थापा

गौमुल गाउपालिका प्रमुख प्रशासकीय अधिकृत श्री जगदिश प्रसाद भट्ट

**सहहायक वक्ताहरु**

गौमुल गाउपालिका वडा नं. १ का वडा अध्यक्ष श्री देव बहादुर रोकाया
गौमुल गाउपालिका वडा नं. २ का वडा अध्यक्ष श्री देव बहादुर रोकाया
गौमुल गाउपालिका वडा नं. ३ का वडा अध्यक्ष श्री गोरख बहादुर बोहरा
गौमुल गाउपालिका वडा नं. ४ का वडा अध्यक्ष श्री अमर बहादुर वि.क
गौमुल गाउपालिका वडा नं. ५ का वडा अध्यक्ष श्री कलक सिंह
गौमुल गाउपालिका वडा नं. ६ का वडा अध्यक्ष श्री प्रकाश बहादुर रोकाया
सम्पूर्ण गौमुल गाँउपालिका स्थित शाखा प्रमुख तथा प्रतिनिधीहरु



**सार्वजनिक सुनुवाइमा सहभागीता विवरण**

| दलित | | अन्य | | कुल जम्मा | | |
|---|---|---|---|---|---|---|
| महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | जम्मा |
| २० | ३० | २० | ३२ | ५० | ५२ | १०२ |

**सार्वजनिक सुनुवाईको प्रचार प्रसार**

गौमुल गाउपालिकाद्धारा आर्थिक वर्ष २०८१/०८२ को वार्षिक प्रगति समिक्षा एवम् खर्च सार्वजनिकीकरण तथा सार्वजनिक सुनुवाई कार्यक्रमलाई प्रभावकारी बनाउदै नागरिकहरुको सहभागीता अभिबृद्धिको लागि सुचनाको ठूलो महत्व हुने भएकाले कार्यक्रम सम्बन्धमा स्थानीय सामुदायिक रेडियो बाजुरा, रेडियो पौरखी, रेडियो गौमुल जिल्लामा संचालित अनलाईनबाट अडियो सन्देश सुचना प्रवाह गरिएको थियो । कार्यक्रममा गाउपालिकाका जनप्रतिनिधिहरु, विभिन्न संघसंस्थाका प्रतिनिधिहरु, पत्रकार लगायतको उपस्थिति सुनुश्चितताको लागि विभिन्न माध्यमबाट खबर गर्ने कार्य गरिएको थियो । कार्यक्रमको अनलाइनबाट प्रत्यक्ष प्रसारण गरिएको थियो भने सार्वजनिक सुनुवाइको सुचना एक हप्ता अगाढी सुचना गाँउपालिको सुचना वोर्डमा राखी सबै वडा कार्यालय र सरोकारवालाहरुलाइ जानकारी गरीएको थियो ।

**गुनासो सुनुवाइ तथा सम्बोधन**

| गुनासो कर्ता गुनासो | सम्वोधन | फोटी फिजर |
|---|---|---|
| बलराम जोशी<br>१. गौमुल १ को सडक किन अगाडी नबढेको ?<br>२. सियाढुङ्गा अस्पताल कहिले संचालनमा आउने?<br>३. काठेपुल निर्माण छैन<br>४. शिक्षक पुरुस्कार<br>५. जडीबुटी चोरी भएको<br>६. शिक्षकलाइ झोला ब्यबस्था | १.भोगोलिक कठिनाइ र निर्माण कमप्नीका कारण ढीला भयो आउदो बर्ष वडामा पुग्छ ।<br>२.अस्पतालको बाहिरी संरचनानिर्माइ भइ सक्यो भित्रका इकुमेन्टहरु ब्यबस्थापन हुदैछ ।हुनबाँकी छ<br>३.काठेपुल सबै ठाउमा निर्माण भएका छन<br>४.उत्कृष्ट शिक्षक कर्मचारीलाइ आउदो बर्षमा गर्ने ब्यबस्था गरेका छौ<br>५.जडीबुडी चोरी निकासी वन उपभोक्ता समितिको जिम्मवारी हो उसैले गर्ने<br>६.झोलाहरुको ब्यबस्थापन आफैले गर्दा राम्रो कती बाट बजेट बचेमा हेरौला |  |
| मान बहादुर बडुवाल किर्तिचौर मावि<br>१.शिक्षक क्यालेण्डर उपलब्ध छैन<br><br>२.विद्यालयमा स्वाथ्य सचेतना गर्न एक विद्यालय एक नर्ष कार्यक्रम के छ | १ यो बर्ष क्यालेण्डर नदिने निर्णय भएको छ आबश्यकता पहिचान गरेर गर्नै पर्ने भए ब्यबस्थापन गरौला ।<br>२. स्थानिय सरकारले आफनै श्रोतले गर्ने बजेट छैन सरकारको निति अनुसार गर्ने हो । |  |
| प्रकाश ब रोकाया गौमुल ६<br>१ बसाला सडक अलपत्र परेको छ कहिले सुधार हुन्छ ?<br>२.गौमुल रेडीयो किन अलपत्र परेको छ कसका कारणले हो ? | १. पहिलो प्रार्थमिकता भनेको सबै वडा कार्यलयम सडक पुगाउने हो सबै वडामा पुगेपछी शाखा सडकहरु पनी सुधार गर्छौ ।<br>२. गौमुल रेडीयो मेसीनहरु विग्रेर बन्द भएको हो यसमा अरु कुनै कारण छैन अव संचालनमा ल्याउछौ । | |

**सहगीहरुले गुनासो राख्दा पालना गर्नु पर्ने नियम तथा आचार संहिताहरु**

- कुनै पनी राजनैनिक पुर्वाग्रही तरीकाले गुनासो गर्न पाईने छैन ।
- कुनै पनी ब्यक्तीगत आक्षेप आउने खालका गुनासा गर्न पाईने छैन
- सहभागीहरुले बोल्दा शिष्ट भाषा प्रयोग गर्नु पर्ने छ ।
- एक जनाको गरेको कुरा दोहोर्याउन पाईने छैन ।
- कनै पनि प्रमाण विना वा तथ्य विना गुनासो गर्न पाईने छैन ।
- सम्वन्धीत काम कारवाहीका बारेमा बाहेक अन्य विषय बस्तु जोड्न पाईने छैन

**कार्यक्रमका सवल पक्षहरु**

- ✓ गाउपालिकाका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, वडा अध्यक्षहरु सहभागितामा कार्यक्रम संचालन गरिएको ।
- ✓ आर्थिक वर्षको वार्षिक प्रगति समिक्षा र चालु आर्थिक वर्षको अर्धवार्षिक भौतिक तथा बित्तीय प्रगति प्रस्तुत गरिएको ।
- ✓ नागरिकहरुले गरेका प्रश्नहरुको जवाफदेही वक्ताहरुबाट चित्त बुझदो जबाफ दिईएको ।
- ✓ स्वतन्त्र सहजकर्ताको माध्यमबाट सार्वजनिक सुनुवाई संचालन भएको ।
- ✓ जनप्रतिनिधिहरुसँग सर्वसाधारण नागरिकहरुले हाक्काहाकी प्रश्नोत्तर भएको ।
- ✓ नागरिकको सहभागीता बृद्धिको लागि सार्वजनिक सुनुवाई सम्बन्धि सुचना सञ्चाल माध्यम बाट सुचना सरोकारवालालाइ भएको ।

**सुधार गर्नुपर्ने पक्षहरु**

- ✓ समय पर्याप्त राखी कार्यक्रमको प्रचार प्रसार गर्नु पर्ने
- ✓ पर्चा पम्प्लेट तयार गरी वडा तथा बस्ती स्तर सम्म प्रचार प्रसार गर्न सके प्रभावकारी हुने ।
- ✓ धैरै भन्दा धैरै आम नागरिकको सहभागिता भए अझ् प्रभावकारी हुने थियो ।

**निष्कर्ष**

गौमुल गाउपालिकाको काम कारबाही, सेवा प्रबाह, योजना एवं कार्यक्रम, बजेट जस्ता सार्वजनिक विषयमा सम्बन्धित सेवा प्रदायक र सेवाग्राही बीच हाक्काहाक्की प्रश्नोत्तर गराउने उद्देश्यले आयोजना गरिएको सार्वजनिक सुनुवाई प्रभावकारी रहेको थियो । गौमुल गाउपालिकाको आयोजनामा सम्पन्न सार्वजनिक सुनुवाईमा नागरिकहरुले गाउँपालिकाले प्रदान गर्ने सेवा सुविधा, खानेपानी समस्या, सडक पूर्वाधार, शिक्षा, कृषिको बजारीकरण, फोहर व्यवस्थापन, पर्यटन क्षेत्रको प्रबर्द्धन, संरक्षण र बिकास, राशायनिक मलको उपलब्धता, स्वाथ्य सेवाको प्रभावकारिता रणनीतिको कार्यान्वयन लगायत विषयमा आगामी बर्षमा पनि नियमित गर्दै जाने सेवा प्रदायक संस्था संगै सेवाग्राहीहरु आमा जनताहरुले पनि आफ्ना आनिबानीहरु पनि सुधार गर्न जरुरी छ तव मात्र गाँउपालिकाले राखेको लक्ष्य उदेश्य पुरा हुन्छ भन्ने विषयमा गाउपालिका अध्यक्षले सुझाव सल्लाह दिनु भएको थियो ।

सार्वजनिक सुनुवाइमा पालिका अध्यक्ष,उपाध्यक्ष , प्रमुख प्रशासकीय अधिकृत, वडा अध्यक्षहरु, शाखा प्रमुख, पत्रकार लगायतको उपस्थितिमा संचालन गरिएको सार्वजनिक सुनुवाईमा स्थानीय नागरिकहरुको उल्लेख्य सहभागीता रहको थियो । कार्यविधिले ब्यवस्था गरे अनरुप नियमित रुपमा सार्वजनिक सुनुवाई गर्न सके विकास निर्माणमा पारदर्शीता र जवाफदेहिता बृद्धि हुने देखिन्छ । यसरी सञ्चालन हुने सार्वजनिक सुनुवाई कार्यक्रममा विभिन्न सरोकारवाला निकाय र नागरिकको उपस्थिति बृद्धि संगै वडा स्तरमा समेत सार्वजनिक सुनुवाई कार्यक्रम नियमित गर्न सक्दा कार्यक्रमको प्रभावकारीता अझै बढ्ने देखिन्छ ।

प्रतिबेदक<br>
बहादुर सिंह बोहरा<br>
एम. आइ. एस .अपरेटर

फोटोहरु




आ.व २०८१/०८२ को वार्षिक प्रगति समिक्षा तथा
सार्वजनिक सुनुवाई कार्यक्रम
मिति: २०८२/०३/१२ गते
स्थान: घटमुना, बाजुरा


सार्वजनिक सुनुवाई कार्यक्रम



